बैठक संख्याः १८।२०८२

बैठक मितिः २०८२।९।३० गते, समयः बिहान १०:३० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।९।३० गते, बुधवार बिहान १०:३० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खङ्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खङ्ग | कार्यपालिका सदस्य | ९ | ललिता |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | संझा |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | शान्ती |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | सन्जु |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता वस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः १८।२०८२

बैठक मितिः २०८२।९।३० गते, समयः विहान १०:३० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री राम बहादुर कटुवाल | आ.ले.प. अधिकृत | | |
| ५ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ६ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |
| ७ | श्री मिथिलेश कुमार सन्त | अ.स.ई. | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot, वडा नं. ११ योजनाको Variation र म्याद थप सम्वन्धमा ।

३. प्रस्ताव नं.३ : ठेक्का नं. 03/NCB/W/KTS/2081-82, Construction of Kamaldah Tourist Spot, योजनाको Variation र कमल दह पर्यटकीय स्थल निर्माण योजनाको ठेक्का आव्हान सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : खरिद कार्य नं 04/NCB/W/CAB/2081-82, CONSTRUCTION OF TOP TWO FLOORS OF ADMINISTRATIVE BUILDING AND OTHER WORKS को Variation सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : त्रियुगा मोक्ष धाम निर्माण सम्बन्धमा ।

६. प्रस्ताव नं. ६ : गंगाजली, मयुरनीखाता, मलेठ खोला नियन्त्रण योजनाको ठेक्का आव्हान सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : समपुरक अनुदान तर्फका योजनाको ठेक्का व्यवस्थापन सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, Construction of Myagjin Chauriya Simsar Tourist Spot ठेक्काको अन्त्य गरी निर्माण व्यावसायीलाई कालो सूचीमा लैजाने सम्बन्धमा ।

९. प्रस्ताव नं. ९ : निजी जग्गाबाट वालुवा उत्खनन तथा विक्री अनुमति प्रदान गर्ने सम्वन्धमा।

१०. प्रस्ताव नं. १० : त्रियुगा नदीको वालुवा निकाल्ने सम्बन्धमा ।

बैठक संख्याः १८।२०८२
बैठक मितिः २०८२।९।३० गते, समयः विहान १०:३० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सुनसरी

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका वैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

ससकोशी नगरपालिकावाट आ.व. २०८०।०८१ मा ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot वडा नं. ११ योजना निर्माणको लागि हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर, सिर्जनानगर, नेपालसँग सम्झौता भई कार्य सञ्चालन भएकोमा पछिल्लो पटक मिति २०८२।६।१५ गतेसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको अवस्थामा उक्त निर्माण व्यावसायीबाट मिति २०८२।५।२५ गते पोखरीमा पानी जमेको, Updated Estimate र Variation Order उपलव्ध नगराएको, Running Bill को भुक्तानीमा ढिलाई भएको कारणले काममा ढिलाई भएकोले ६ (छ) महिना म्याद थप गरी कार्य वातावरण बनाई दिन अनुरोध गरी निवेदन पेश हुन आएकोमा उक्त ठेक्काको आव्हान हुँदा BOQ मा Quantity वढी भएकोले BOQ को Quantity मा Variation गर्नु पर्ने भएको भनी प्राविधिकवाट राय पेश हुन आएकोले प्राविधिकवाट Variation विवरण तयार गरी आगामी वैठकमा पेश गर्ने र परफरम्यान्स ग्यारेन्टीको म्याद थप गरी मिति २०८३ साल वैशाख मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी अन्तिम पटक म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

ससकोशी नगरपालिका अन्तर्गत वडा नं.११ स्थित कमलदहमा सङ्घीय समपुरक अनुदान तर्फको वजेटवाट आ.व. २०८०।०८१ मा ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot, वडा नं. ११ योजना र आ.व. २०८१।०८२ मा ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं. 03/NCB/W/KTS/2081-82, Construction of Kamaldah Tourist Spot, वडा नं. ११ योजना निर्माणाधिन अवस्थामा रहेको र चालु आ.व.२०८२।०८३ मा समेत सङ्घीय समपुरक अनुदान तर्फ विनियोजित वजेटवाट सोही स्थानमा कमल दह पर्यटकीय स्थल निर्माण योजना संचालन गर्नु पर्ने भएकोले ठेक्का नं. 03/NCB/W/KTS/2081-82, Construction of Kamaldah Tourist

Spot, योजनाको सम्झौतामा उल्लेखित BOQ Iteams मा Interlock Block निर्माण कार्यको Quantity घटी गरी सो कार्य तेश्रो प्याकेजको ठेक्कामा पोखरीको डिलमा Retaining Wall निर्माण गरे पश्चात मात्र Interlock Block को कार्य समेत गर्ने गरी लागत अनुमान तयार गरी तेश्रो प्याकेज योजनाको ठेक्का प्रक्रिया अगाडि बढाउनु पर्ने भनी प्राविधिकवाट राय पेश भएको हुँदा प्राविधिकवाट दोश्रो प्याकेज योजनाको Variation विवरण तयार गरी आगामी बैठकमा पेश गर्ने र कमल दह पर्यटकीय स्थल-तेश्रो प्याकेज योजनाको ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

यस ससकोशी नगरपालिकाको खरिद कार्य नं 04/NCB/W/CAB/2081-82, CONSTRUCTION OF TOP TWO FLOORS OF ADMINISTRATIVE BUILDING AND OTHER WORKS कार्यको लागि मिति २०८१।११।१२ गते ससकोशी नगरपालिकाको कार्यालय, तुलसी चोक, ससरी र श्री SKEBPL-GWBPL जे.भी.,टोखा-४, धापासी, काठमाण्डौ बीच सम्झौता भई सम्वन्धित निर्माण व्यवसायीलाई कार्यदेश दिएकोमा सम्वन्धित निर्माण व्यवसायीवाट मिति २०८२।५।५ गतेको प्राप्त पत्रानुसार उल्लेखित निर्माण कार्यको लागि भएको सम्झौता अनुरुप BOQ र डिजाईनमा सामान्य संसोधन गर्नुपर्ने भएको हुँदा कार्यालयका पदाधिकारी सहित प्राविधिक कर्मचारी र सम्वन्धित निर्माण व्यवसायीको प्रतिनिधि समेतको उपस्तिथिमा स्थलगत निरीक्षण गर्दा तपसिल वमोजिमको बुँदा लगायतमा संसोधन गरी निर्माण कार्य अगाडि बढाउने सहमति भएकोले प्राविधिकवाट उक्त कार्यको भेरिएसनको विवरण तयार गरी पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. पहिलो र दोश्रो तल्लामा निर्माण हुँदै गरेको महिला तथा पुरुष शौचालयको डिजाईन संसोधन गरी भुई तल्ला अनुरुप नै निर्माण गर्ने।
२. पहिलो तल्लाको प्रमुख प्रशासकीय अधिकृतको कोठाको शौचालयको डिजाईन संसोधन गरी सो शौचालय पुरुष शौचालयमा नै जोडी निर्माण गर्ने र पार्टिसन वाल साथै फोटोकपी रुमको वाल हटाउने।
३. BOQ मा उल्लेख भए बमोजिम झ्यालमा साल काठको फ्रेम बनाई साल काठको डिला खापा बनाउने र लिफ्टमा ४ स्टप भएकोमा उल्लेखित आईटमहरुको भेरिएसन गरी झ्यालमा साल काठको फ्रेममा सिसा राखे र उक्त भवन तीन तल्ले मात्र भएको हुँदा लिफ्टमा ३ स्टप मात्र राखे।

बैठक संख्याः १८।२०८२
बैठक मितिः २०८२।९।३० गते, समयः बिहान १०:३० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

४. सम्झौतामा उल्लेख भए बमोजिम लिफ्ट बस्ने वालमा आर.सि.सि र इट्टा दुवैको लागत परिमाण भएकोले सो कार्य संसोधन गरी सम्झौता अनुसार इट्टाको वाल लगाई कार्य अगाडी बढाउने।
५. कम्पाउण्डमा पि.सि.सि. ढलानको सट्टामा Interlock concrete block लगाउने।
६. सम्झौतामा उल्लेख भए बमोजिम दोश्रो र तेश्रो तल्लाको शौचालयहरुमा Combode रहेकोमा Attached टोइलेट बाहेकका सबै शौचालयमा Combode को सट्टामा Pan राख्ने।
७. BOQ मा उल्लेख भए बमोजिम ढोकामा साल काठको फ्रेम बनाई साल काठको डिला खापा बनाउने भएकोमा उल्लेखित आईटमको भेरिएसन गरी रेडिमेड ढोका राख्ने।
८. दोश्रो र तेश्रो तल्लामा निर्माण हुने शौचालयहरुमा water proofing राख्ने।
९. ट्रन्सफर्मर जडान गर्न आवश्यक सामग्रीहरु एवं विद्युत्त पोलको संख्या नेपाल विद्युत्त प्राधिकरणको Estimate वमोजिम मिलाउने ।
१०. Estimate र BOQ मा प्लाष्टरको दररेटमा फरक परेकोले उक्त विषय मिलान गर्ने ।
११. मेयर र उपमेयर हुने भनिएको कक्षको किचेन हटाउने र उपमेयर कक्षको शौचालय पुरुष शौचालयतर्फ Adjust गर्ने ।

<u>निर्णय नं. ५</u>

सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान अन्तर्गत त्रियुगा मोक्ष धाम निर्माण योजनाको लागि बजेट रु.८७०००००।– (सतासी लाख) प्राप्त भएको र उक्त योजना निर्माणको लागि त्रिवर्षिय बजेट रु.७०००००००।-(सात करोड न.पा. साझेदारी समेत) बजेट विनियोजन भएकोले सप्तकोशी नगरपालिका वडा नं.१ स्थित चन्द्र नहरको हेडवाँध छेउको त्रियुगा नदी किनारामा त्रियुगा मोक्ष धाम निर्माण गर्ने सम्वन्धमा स्थानीयवासीहरुको विरोध समेत रहेकोमा मिति २०८२।६।३१ गतेको नगरकार्यपालिकाको निर्णयानुसार नगर-उपप्रमुख श्री रिता कुमारी चौधरीको संयोजकत्वमा नगरकार्यपालिकाका पदाधिकारीहरु र स्थानीय दुई पक्षका व्यक्तिहरु सदस्य रहेने गरी त्रियुगा मोक्ष धाम निर्माणस्थल चयन तथा सिफारिस समिति गठन भएकोमा हालसम्ममा पनि विवाद समाधानको लागि प्रयास भईरहेको र त्रियुगा मोक्ष धाम निर्माणको लागि रु १०००००० (दश लाख मात्र) बजेटबाट परामर्शदाता Ideal Solution Pvt. Ltd.,Pulchowk, Lalitpur मार्फत DPR निर्माणको चरणमा रहेको र त्रियुगा मोक्ष धाम निर्माण गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने भएकोले सो को लागि परामर्शदाता ईन्डिभ्योर ईन्जिनियरिङ्ग सर्विसेज प्रा.लि., काठमाण्डौं-३२, पेप्सीकोला छनौट भई परामर्शदाताको तर्फवाट

पेश हुन आएको त्रियुगा मोक्ष धाम निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यसूचीको सम्वन्धमा र उक्त योजना निर्माणको लागि चालु आ.व.२०८२।०८३ मा विभिन्न योजनाको IEE/DPR निर्माण (मोक्षधाम निर्माण समेत) शीर्षकमा विनियोजित वजेट मध्येको रु.५०००००।– (पाँच लाख) बाट त्रियुगा मोक्ष धाम निर्माणको IEE गर्ने सम्वन्धमा वैठकमा जानकारी भई छलफल भयो ।

निर्णय नं. ६

सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा संङ्घीय सशर्त अनुदान अन्तर्गत गंगाजली, मयुरनीखाता र मलेठ खोला नियन्त्रणको लागि वजेट रु.६९०००००।– विनियोजन भई आएको र संङ्घीय विशेष अनुदान तर्फ गंगाजली, मयुरनीखाता र मलेठ खोला नियन्त्रणको लागि चालु आ.व.२०८२।०८३ मा वजेट रु.६९०००००।-विनियोजन भई त्रिवर्षिय वजेट रु.३००००००००।– गरी जम्मा वजेट रु.३६९०००००।– (तीन करोड उनान्सत्तरी लाख ) विनियोजन भएकोले उक्त गंगाजली, मयुरनीखाता र मलेठ खोला नियन्त्रण योजना निर्माणको लागि प्राविधिक अध्ययन गरी लागत अनुमान तयार गरी वहुवर्षिय (त्रिवर्षिय) ठेक्का आव्हान गरी योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा संङ्घीय समपुरक अनुदान तर्फ वजेट विनियोजन भएका म्यागाजिन चौरिया सिमसार पर्यटकीय स्थल निर्माण र कमल दह पर्यटकीय स्थल निर्माण योजनाहरु संचालन गर्नको लागि सप्तकोशी नगरपालिकाको आन्तरिक आय तर्फको मुख्य आयश्रोत भएको नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्री वितरणको लागि हालसम्म ठेक्का व्यवस्थापन गर्न नसकिएको र नगरको अन्य आय न्यून भएको कारणले नगरपालिकाले जुटाउनु पर्ने साझेदारी रकम व्यहोर्न नसकिने भएकोले संङ्घीय समपुरक अनुदान र नगरपालिकाको साझेदारी समेत गरी प्रत्येक योजना संचालन गर्न वजेट रु.२००००००००।– को परिधि भित्र रहने गरी मात्र प्राविधिक लागत अनुमान तयार गरी उक्त दुवै योजनाको ठेक्का प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. ८

सप्तकोशी नगरपालिकाको लागि आ.व.२०८०।०८१ मा संङ्घीय सरकारबाट प्राप्त समपुरक अनुदान रु.५०,००,०००।- (पचास लाख) र मिति २०८०।९।२५ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाले साझेदारी व्यहोर्ने रकम सहित प्राविधिक लागत अनुमान रु.१,४९,९७,९७९।६७पैसा भएको म्यागजिन चौरिया सिमसार पर्यटकीय स्थल निर्माण कार्यका लागि मिति २०८०।११।१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा वोलपत्र

आह्वानको सूचना प्रकाशन भए अनुरुप ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, **Construction of Myagjin Chauriya Simsar Tourist Spot** वडा नं.६, ७ योजना निर्माणको लागि ससकोशी नगरपालिकाको कार्यालय र अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुर बीच मिति २०८१।०२।०८ गते स्वीकृत कवोल अंक रु. ८५६९२५८।४३ पैसा (भ्याट र पिएस आईटम समेत) मा सम्झौता भई मिति २०८१।०३।१५ गते सम्ममा योजना सम्पन्न गर्नु पर्ने भएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी म्याद थप गरी दिन अनुरोध भए अनुरुप नगर कार्यपालिकाको निर्णय वमोजिम पहिलो पटकको लागि मिति २०८१।४।३२ गते सम्म, दोश्रो पटकको लागि मिति २०८१ कार्तिक मसान्त सम्म, तेश्रो पटकको लागि मिति २०८१ माघ मसान्त सम्म र चौथो पटकको लागि मिति २०८१ चैत्र मसान्त सम्म म्याद थप गर्दा समेत निर्माण व्यावसायीले निर्माण स्थल छोडी म्याद भित्र योजना निर्माण सम्पन्न नगरी अलपत्र पारेकोमा ससकोशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं.११९, मिति २०८१।४।२० गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा पत्राचार गरी मौखिक रुपमा समेत जानकारी गराएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट कार्य सुचारु गर्ने तर्फ कुनै चासो नदेखाएकोले पुनः च.नं.७२०, मिति २०८१।८।१६ गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा पत्राचार गर्दा समेत निर्माण कार्यको थालनी नगर्दा अन्तिम पटकको लागि च.नं.८७२, मिति २०८१।९।१४ गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा अन्तिम ताकेता पत्र पठाई पटक-पटक लिखित एवं मौखिक जानकारी गराउँदा समेत उक्त योजना निर्माण नगरेको, पछिल्लो पटक मिति २०८२।४।१८ गते नगरपालिकाको कार्यालयबाट खटिई गएको ईन्जिनियर लोकेश चन्द्र पैकरा समेतको प्राविधिक कर्मचारीहरूको टोलीबाट स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायीले रु.२,०९,७५६।२५ पैसा (दुई लाख नौ हजार सात सय छपन्न रुपैयाँ पच्चिस पैसा मात्र।-)(VAT समेत) वरावरको वाटो नै अवरोध हुने गरी माटोको थुप्रो मात्र खसाली छोडेको, निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास गरेको नदेखिएको र निर्माणस्थल छोडी सम्पर्कमा नआएको व्यहोरा खुलाई प्रतिवेदन पेश हुन आएकोले कार्यालयलाई वेवास्ता, आलटाल, झुक्यानमा राखी कानूनको अनदेखा गरी निर्माण कार्य अलपत्र पारेकोले सम्बन्धित निर्माण व्यावसायीलाई सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ एवं ठेक्का संझौताको शर्त विपरीत योजना सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारी सरकारी हानी नोक्सानी गर्ने प्रयत्न गरेको देखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ एवं ठेक्का सम्झौताको शर्त GCC को Clause No. ७२ मा भएको Termination सम्वन्धी व्यवस्था वमोजिम त्यस निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौताको अन्त्य गर्ने तथा प्रचलित कानून वमोजिम कालोसूचीमा लैजाने लगायतका कारवाही किन नगर्ने? ठेक्का सम्झौताको अन्त्य गर्ने तथा कालोसूचीमा लैजाने लगायतका कारवाही नगर्नु पर्ने कुनै उचित कारण भएमा ७ (सात)

दिन भित्र स्पष्टीकरण पेश गर्न मिति २०८२।५।६ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेकोमा अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुरले मिति २०८२।५।१० गते Revised Work Schedule संलग्न राखी मिति २०८२।६।१० गते भित्रमा उक्त योजना निर्माण सम्पन्न गर्ने प्रतिवद्धता पेश गरेकोमा हालसम्म पनि फिल्डमा कार्य सञ्चालन नभएको भनी प्राविधिकबाट प्रतिवेदन पेश हुन आएकोले अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुरलाई मिति २०८२।७।१६ गते पुनः अन्तिम पटकको लागि ७ (सात) दिन भित्र स्पष्टीकरण पेश गर्न नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेकोमा निज निर्माण व्यावसायीबाट मिति २०८२।७।२० गते जेनजी आन्दोलन, चाड पर्व तथा पटक-पटकको नियमित वर्षा भएको, पारिवारिक समस्याले अन्यन्त्र जान परेको र वजारमा निर्माण सामग्रीको अभाव भएकोले यस अगाडि पेश गरेको कार्यतालिका वमोजिम काम नभएकोले संशोधित कार्यतालिका संलग्न राखी एक महिना भित्र कार्य सम्पन्न गर्ने प्रतिवद्धता रहेको भन्ने व्यहोराको स्पष्टीकरण पेश गरेकोमा मिति २०८२।९।६ गते ईन्जिनियर श्री लोकेश चन्द्र पैकरा समेतको प्राविधिक टोलीवाट पुन:स्थलगत निरीक्षण हुँदा निर्माण व्यावसायीले निर्माणस्थल छोडी निर्माण कार्य सुचारु नगरेको तथा निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास समेत गरेको नदेखिएको र वेवास्था गरी योजना निर्माणको कार्यस्थल अलपत्र छोडेकोले कार्य प्रगति नदेखिएको भन्ने व्यहोराको प्रतिवेदन पेश हुन आएकोले निर्माण व्यावसायीवाट योजना निर्माण गर्न नसक्नुको कारण र फिल्डमा कार्य हुने आधार विश्वासयोग्ग नदेखिई स्पष्टीकरण सन्तोषजनक नभएको र निर्माण व्यावसायीले जानाजान एवं लापरवाहीपूर्वक योजना निर्माण नगर्ने वदनियत राखेकोले सम्बन्धित निर्माण व्यावसायीलाई सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ एवं ठेक्का संझौताको शर्त विपरीत योजना सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारी सरकारी हानी नोक्सानी गर्ने प्रयत्न गरेको देखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ एवं ठेक्का सम्झौताको शर्त GCC को Clause No. ७२ मा भएको Termination सम्वन्धी व्यवस्था बमोजिम मिति २०८२।९।३० गते देखि लागु हुने गरी अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुरसंग भएको ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६, ७ सम्झौताको अन्त्य गर्ने र सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४१ वमोजिम अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुरलाई कालोसूचिमा राखे लगायतको आवश्यक कारवाही गरी दिन सार्वजनिक खरीद अनुगमन कार्यालय, काठमाण्डौलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

बैठक संख्याः १८।२०८२

बैठक मितिः २०८२।९।३० गते, समयः बिहान १०:३० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ९**

प्रस्तावक लक्ष्मी शाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ससकोशीले जग्गाधनी रामचन्द्र साहको नाममा रहेको तपसिल वमोजिमको ससकोशी नगरपालिका वडा नं.५, गंगाजली गाँउको दहखेतमा अवस्थित निजी स्वामित्वको जग्गाबाट वातावरणीयमैत्री रुपले वालुवा तथा ग्राभेल उत्खनन तथा संकलन तथा विक्री वितरण गर्नको लागि परामर्शदाता प्रो-डेक्स ईन्जिनियरिङ्ग ईन्क प्रा.लि. नयाँवस्ती, काठमाण्डौबाट तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यको कार्यसूची मिति २०८२।६।३१ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत गरिएकोमा निज प्रस्तावक लक्ष्मी शाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ससकोशीले परामर्शदाता प्रो-डेक्स ईन्जिनियरिङ्ग ईन्क प्रा.लि. नयाँवस्ती, काठमाण्डौबाट तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित उत्खनन योग्य वालुवा तथा ग्राभेलको परिमाण समेतको अध्ययन एवं स्थलगत निरीक्षण गरी उक्त संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको सम्वन्धमा ३ दिन भित्रमा राय सहित प्रतिवेदन गर्न देहाय वमोजिमको प्राविधिक समिति गठन गर्ने र उक्त समितिमा सम्वन्धित वडा अध्यक्ष आमन्त्रित सदस्य रहने निर्णय गरियो ।

**वालुवा तथा ग्राभेल उत्खनन तथा संकलन गरिने जग्गाको विवरण**

| क्र.सं. | वडा नं. | जग्गाधनीको नाम थर | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | वडा नं. ५ | राम चन्द्र साह | २१२ | ०-४-१५-० |
| २ | वडा नं. ५ | राम चन्द्र साह | २११ | ०-४-१५-० |
| ३ | वडा नं. ५ | राम चन्द्र साह | २१० | ०-५-०-० |
| ४ | वडा नं. ५ | राम चन्द्र साह | २०९ | ०-५-०-० |
| ५ | वडा नं. ५ | राम चन्द्र साह | २०८ | ०-६-४-० |

**प्रविधिक समिति**

१. ईन्जिनियर सातौं, श्री लोकेश चन्द्र पैकरा - संयोजक

२. अधिकृत सातौं, श्री प्रकाश सुवेदी -सदस्य

३. ईन्जिनियर छैठौं, श्री किशोर कुमार यादव - सदस्य

४. सव-ईन्जिनियर, श्री मिथिलेश कुमार संत - सदस्य

५. अमिन श्री अमृत कुमार साह - सदस्य

बैठक संख्याः १८।२०८२
बैठक मितिः २०८२।९।३० गते, समयः बिहान १०:३० वजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

**निर्णय नं. १०**

सप्तकोशी नगरपालिका वडा नं.२को सिद्धिपुर टोल र वडा नं.३ सखुवनी टोल स्थित त्रियुगा नदीमा वालुवा भरिएर स्थानीय वासिन्दाको घरवास एवं जग्गा वालीलाई पानी पसि क्षति पुर्याउने भएकोले सो वालुवा निकाली विक्री वितरण गर्ने अनुमतिको लागि जिल्ला विपद व्यवस्थापन समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

सप्तकोशी नगरपालिका, नगर कार्यपालिकाको आगामी वैठक मिति २०८२।१०।७ गते , वुधवार दिनको ११:०० वजे, सप्तकोशी नगर कार्यपालिकाको कार्यालयमा वस्ने निर्णय गरियो।